नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## स्थानीय निकायहरुको आ.व.२०७१।७२ को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतीजा सार्वजनिकीकरण सम्वन्धी प्रेस विज्ञप्ति

स्थानीय सरकारको रुपमा रहेका स्थानीय निकायहरुलाई निर्धारित सूत्र र कार्यसम्पादनका आधारमा अनुदान उपलब्ध गराउने अग्रणी मुलुकमा नेपाल पनि पर्दछ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को २३६ ले नेपाल सरकारले स्थानीय निकायलाई तोकिएको न्यूनतम अनुदान उपलब्ध गराउनुका अतिरिक्त सम्बन्धित स्थानीय निकायको जनसंख्या, विकासको स्तर, राजस्व परिचालन गर्न सक्ने सम्भाव्यता र क्षमता, वित्तीय साधनको आवश्यकता, आय र व्ययको नियमित अभिलेख कार्य, लेखा परीक्षणको स्थिति, आर्थिक अनुशासनको स्थिति जस्ता आधारमा थप अनुदान रकम उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ । स्थानीय निकाय वित्तीय आयोगको सिफारिश समेत लिई न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतका आधारमा मूल्यांकन गरी स्थानीय निकायलाई दिइने अनुदानमा थपघट र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्ने व्यवस्था स्थानीय स्वायत्त शासन नियमावली २०५६, को नियम २७३ (घ) ले गरेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा २३७ मा भएको व्यवस्था अनुसार गठित स्थानीय निकाय वित्तीय आयोगलाई अन्य कार्यहरुका अतिरिक्त स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सूचकहरु बनाई मूल्यांकन गरी सो अनुसार पाउने अनुदान रकम निर्धारण गर्ने कार्य समेत तोकिएको छ । यो व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय निकाय वित्तीय आयोगले ३ वटै स्थानीय निकायहरुको मूल्यांकनका लागि न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि बमोजिम **स्थानीय निकाय वित्तीय आयोगको सचिवालय**ले स्वतन्त्र मूल्यांकनकर्ताहरु मार्फत सबै स्थानीय निकायहरुको आ.व. ०७१।७२ को मूल्यांकन कार्य सम्पन्न गरेको छ । गा.वि.स.को न्यूशकास मूल्यांकन सम्वन्धित जिविस मार्फत नै सम्पन्न भएको थियो ।

मूल्यांकनको गुणस्तर कायम गर्ने उद्देश्यले १०% स्थानीय निकायहरु (८ वटा जिविस तथा ६ वटा नगरपालिकाहरु) को मूल्यांकनको गुणस्तर परीक्षण समेत गरिएको थियो । मूल्यांकनकर्ताहरुबाट प्राप्त मूल्यांकन प्रतिवेदनहरु प्रतिक्रियाका लागि सम्बन्धित जिविस तथा नगरपालिकाहरुमा पठाइएको थियो । ४५ वटा जिविस र ४२ वटा नगरपालिकाहरुबाट प्रतिवेदन उपर प्रतिक्रियाहरु प्राप्त भएका थिए । जसमध्ये १२ वटा जिविस र २ वटा नगरपालिकाले सचिवालयबाट पठाएको प्रतिवेदनको नतीजा स्वीकार गरी कुनै प्रतिक्रिया नभएको व्यहोराको पत्र पठाएका थिए । जिविस तथा नगरपालिकाबाट प्राप्त गुनासो तथा प्रतिक्रियाहरुको सुनुवाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवबाट भएको थियो ।

न्युशकासको मूल्यांकन नतीजालाई स्वीकृत गर्ने सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवको अध्यक्ष्यतामा गठित सुपरीवेक्षण तथा व्यवस्थापन समितिको मिति २०७३।०३।३० गते बसेको बैठकले न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतीजालाई स्वीकृत गरेको छ । मूल्यांकनको अन्तिम नतीजा अनुसार जिविसतर्फ ८७ अंक प्राप्त गरी धनकुटा जिविस प्रथम, ८५ अंक प्राप्त गरी बाँके र दैलेख जिविस दोस्रो र ७५ अंक प्राप्त गरी पाँचथर, कास्की, प्यूठान तेस्रो स्थानमा रहेका छन् भने नगरपालिकातर्फ ९० अंक प्राप्त गरी बुटवल उपमहा नगरपालिका प्रथम, ८९ अंक प्राप्त गरी धनकुटा नपा र हेटौडा उप मनपा दोस्रो र ८८ अंक प्राप्त गरी घोराही नपा तेस्रो स्थानमा रही उत्कृष्टता हासिल गरेका छन् ।